# लेकम गाउँपालिकाको राजश्व परामर्श समितिको कार्य सञ्चालन कार्यविधि, २०८१

कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८२/०३/२२

लेकम गाउँपालिका

प्रस्तावनाः

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (घ) र दफा ५४ देखि ६२ सम्मका बिभिन्न दफा उपदफाहरुमा व्यवस्था भए बमोजिम स्थानीय तहको कर तथा गैरकर राजश्व परिचालन सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संसोधन, परिमार्जन र सो को परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने उद्देश्यले दफा ६५ बमोजिम गठन हुने स्थानीय राजश्व परामर्श समितिले उपदफा (४) बमोजिम आफनो वैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्न सकिने कानूनी व्यवस्था भएतापनि यस सम्बन्धी कार्यविधिको अभावमा समितिका बैंठकहरु प्रभावकारी रुपमा संचालन गर्न नसकिएको र संविधान तथा ऐनका प्रावधान अनुसारको काम, कर्तव्य र अधिकार बमोजिम गतिशिल गराउन नसकिरहेको विद्यमान अवस्थालाई दृष्टिगत गरी स्थानीय राजश्व परामर्श समितिको काम कारवाहीलाई प्रभावकारी र परिणाममुखी बनाउन वान्छनीय भएकोले लेकम गाउँपालिकाले ऐनको दफा ६५ को उपदफा (४) बमोजिम गाउँ कार्यपालिकाले राजश्व परामर्श समितिको कार्य संचालन कार्यविधि, २०८१ जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम “लेकम गाउँपालिकाको राजश्व परामर्श समिति (कार्य संचालन) कार्यविधि २०८२” रहने छ।

(२) यो कार्यविधि सम्बन्धित गाउँ कार्यपालिकाले स्विकृत गरेको मिति देखि लागु हुनेछ

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

(क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ।

(ख) “गाउँपालिका” भन्नाले लेकम गाउँपालिकालाई सम्झनु पर्दछ।

(ग) “समिति” भन्नाले ऐनको दफा ६५ बमोजिम गठन हुने स्थानीय राजश्व समितिलाई सम्झनु पर्दछ।

(घ) “संयोजक” भन्नाले स्थानीय राजश्व समितिको संयोजकलाई सम्झनु पर्दछ।

(ङ) “सदस्य” भन्नाले समितिका सदस्यहरुलाई सम्झनु पर्दछ।

(च) “सदस्य सचिव” भन्नाले समितिका सदस्य सचिवलाई सम्झनु पर्दछ

(छ)“कार्यपालिका” भन्नाले लेकम गाउँपालिकाको कार्यपालिकालाई सम्झन्नु पर्दछ।

(ज)“प्रमुख प्रशासकीय अधिकृत” भन्नाले लेकम गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रुपमा कार्य गर्ने कर्मचारीलाई सम्झन्नु पर्दछ।

(झ)“अध्यक्ष” भन्नाले लेकम गाउँपालिकाको अध्यक्षलाई सम्झन्नु पर्दछ।



लेकम गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रतामाटा दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद २

## राजश्व परामर्श समितिको कार्यक्षेत्र

**३. समितिको कार्यक्षेत्र**ः(१) समितिको कार्य क्षेत्र ऐनको दफा ६५ उपदफा २ मा उल्लेखित कामका अतिरिक्त देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाको राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संसोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा गाउँ पालिकालाई आवश्यक परामर्श प्रदान गर्ने,

(ख) राजश्वको श्रोत, दायरा र दर समेतको बिश्लेषण गरी आगामी आर्थिक बर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने,

(ग) राजश्वका दर र क्षेत्र लगायका आधारमा आन्तरिक आयको बिश्लेषण र अनुमान गर्ने,

(घ) स्थानीय उद्योग र व्यवसाय प्रर्वद्धन र रोजगारी सृजनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा गाउँ पालिकालाई परामर्श दिने,

(ङ) कर राजश्व तथा गैरकर राजश्व, सेवा शुल्क, दस्तुर आदीको दर सम्बन्धमा गाउँपालिकालाई परामर्श दिने,

(च) गाउँ पालिकाको राजश्व प्रशासन सुधारका लागि अन्य परामर्श दिने,

(छ) गाउँपालिकाको आन्तरिक राजश्व अभिबृद्धि तथा सुधारको लागि राजश्व आधार, दर, दायरा, राजश्व आधारहरुको मूल्यांकन, राजश्व सम्बन्धी संरचना, जनशक्ति, क्षमता बिकास, प्रविधि उपयोग, नियमित अनुगमन, राजश्व परिचालनको अवस्थाको आवधिक समिक्षा, मूल्यांकनको आधारमा गाउँ कार्यपालिकालाई नीतिगत तथा कार्यगत पृष्ठपोषण सहित सुझाव दिने,

(ज) गाउँपालिकाको आन्तरिक राजश्व अभिबृद्धि तथा सुधारका लागि राजश्व सुधार कार्ययोजना तर्जुमा, कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, राजश्व परिचालनलाई प्रभावकारी र लाभ लागतको बिश्लेषणको आधारमा वाह्य प्राविधिक तथा व्यवस्थापकीय सेवालिने सम्बन्धी नीतिगत र प्रवन्धकीय व्यवस्थापनका लागि गाउँपालिकालाई पृष्ठपोषण सहित राय सुझाव दिने,

(झ) गाउँपालिकाले तोके बमोजिम अन्य काम ।

## परिच्छेदः ३

## समितिका पदाधिकारीहरुको भुमिका

**४. समितिको संयोजकको भुमिका**ः (१) राजश्व परामर्श समितिको संयोजकको मुख्य भुमिका देहाय अनुसाररहनेछ ।

(क) समितिको बैंठकको अध्यक्षता गर्ने,

(ख) गाउँपालिकालाई राजश्व परिचालनका सम्बन्धमा अध्यक्ष र कार्यपालिकासँग आवश्यक परामर्शगर्ने,

(ग) सदस्य सचिवसँगको परामर्शमा समितिको बैंठकको मिति तथा समय तोक्ने,

(घ) बैठकको सम्भावित कार्यसूची तय गर्ने,

(ङ) राजश्वसँग सम्बन्धित निकाय वा व्यक्तिहरुसँग आवश्यक समन्व्य गर्ने,

(च) राजश्व परामर्श समितिको कार्यक्षेत्रमा पर्ने सम्पूर्ण कार्यहरुको प्रभावकारी कार्यसम्पादनको लागिनेतृत्व प्रदान गर्ने,

(छ) अध्यक्ष, कार्यपालिका वा समितिले तोकेका अन्य कार्य गर्ने ।

लेकम गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रातामाटा दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

**५. स्थानीय समितिका सदस्यहरुको भुमिकाः** (१) स्थानीय राजश्व परामर्श समितिका सदस्यहरुको मुख्यभुमिका देहाय अनुसार रहनेछ।

(क) संयोजकले तोकेको बैंठकमा उपस्थित भै राजश्व क्षेत्रमा सुधार गर्नुपर्ने पक्षमा सुझाव तथा धारणाराख्ने,

(ख) समितिमा आफुले प्रतिनिधित्व गरेको क्षेत्रबाट गाउँपालिकाले राजश्व क्षेत्रमा अवलम्बन गर्नुपर्नेनीति तथा कार्यक्रममा आवश्यक सुझाव दिने,

(ग) स्वीकृत राजश्वका दर र दायरा बमोजिम कर संकलनको लागि आवश्यक सहजिकरण गर्ने,

(घ) समितिले तोकेका अन्य कार्य गर्ने।

**६. समितिको सदस्य सचिवको भुमिकाः** (१) स्थानीय राजश्व परामर्श समितिको सदस्य सचिवको मुख्यभुमिका देहाय अनुसार रहनेछ।

(क) समितिको सचिव भई सचिवालय सञ्चालन सम्बन्धी आवश्यक जिम्मेवारी निर्वाह गर्ने,

(ख) संयोजकसँगको समन्वयमा बैठकको कार्यसूची तयार गर्ने, प्रस्ताव तयार गर्ने र सदस्यहरुलाईपत्राचार गर्ने,

(ग) राजश्वसँग सम्बन्धित विषयहरुमा आवश्यक सूचना तथा तथ्याँकहरुको संकलन, विश्लेषण गरीसमितिको बैठकमा पेश गर्ने,

(घ) गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तयार पार्ने र समितिमा पेश गर्ने,

(ङ) समितिबाट स्वीकृत राजश्व सुधार कार्ययोजना बमोजिम आगामी आ.व.को लागि राजश्वका श्रोत,दायरा र दर समेतको विश्लेषणको आधारमा कार्यपालिकालाई आर्थिक विधयेक तयार पार्न सहयोग गर्ने,

(च) समितिको वार्षिक प्रतिवेदन तयार गर्ने,

(छ) राजश्व प्रशासन सुधारका लागि प्रभावकारी कार्य गर्ने,

(ज) समितिले तोकेका अन्य कार्य गर्ने।

## परिच्छेद ४

## समितिको बैंठक र समयतालिका, बैठकका सम्भावित कार्यसूची तथा बैठक सम्बन्धी कार्यविधि

**७. समितिको बैठक** (१) समितिले एक आर्थिक वर्ष (श्रावण देखि आषाढ) भित्र सामान्यतया ४ वटा बैठकगर्नुपर्नेछ। समितिको न्युनतम बैंठक संख्या र समय तालिका देहाय अनुसार हुनेछ।

| क्र.सं. | बैंठक संख्या | बैंठकको सम्भावितमिति | बैंठकको सम्भावित कार्यसूची |
|---|---|---|---|
| १ | बैठक संख्या १ | पौष १० भित्र | कार्यविधिको दफा ८ मा उल्लेख भए बमोजिम |
| २ | बैठक संख्या २ | फागुन मसान्त भित्र | कार्यविधिको दफा ९ मा उल्लेख भए बमोजिम |
| ३ | बैंठक संख्या ३ | आषाढ ५ गते भित्र | कार्यविधिको दफा १० मा उल्लेख भए बमोजिम |
| ४ | बैंठक संख्या ४ | भाद्र १५ गते भित्र | कार्यविधिको दफा ११ मा उल्लेख भए बमोजिम |

**८. पहिलो बैठकको सम्भावित कार्यसूचीः** (१) समिति संयोजकले सदस्य–सचिव समेतको परामर्शमा वैठकका प्रस्तावित कार्यसूची तयार गर्नुपर्नेछ। उक्त बैठकको सम्भावित कार्यसूचीहरु देहायअनुसार हुनसक्ने छन्:

(क) चालु आ.व.मा स्वीकृत राजश्वका दर दायरा बमोजिम पहिलो ५ महिनाको संकलनको अवस्थाकोसमिक्षा गर्ने सम्बन्धी,

(ख) समिक्षाको आधारमा करका दर र दायरा एवं आन्तरिक आय संकलनको लागि आर्थिक ऐनमा संशोधनगर्नुपर्ने देखिएमा आर्थिक ऐन संशोधनको लागि आवश्यक सुझाव दिने सम्बन्धी,

(ग) आन्तरिक आय संकलनलाई प्रभावकारी बनाउन आवश्यक पर्ने नीति, कानुन एवं कार्यक्रम तर्जुमा रकार्यान्वयनमा गाउँपालिकालाई सुझाव दिने सम्बन्धी,

(घ) आन्तरिक आय संकलनको अनुगमन, समन्वय एवं सहजिकरण गर्ने सम्बन्धी,

(ङ) आगामी आ.व.को लागि गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयबाट प्राप्त हुन सक्ने सम्भावित आयकोप्रक्षेपण गरेर दफा ६६ बमोजिमको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलाई उपलब्धगराउने,

(च) गत आ.व.को मूल्याँकनको आधारमा उत्कृष्ट करदाता छनौट गरी पुरस्कृतको लागि कार्यपालिकामासिफारिस गर्ने,

(छ) गाउँपालिकाले तोकेका तथा समितिले आवश्यक ठानेका अन्य विषयहरु।

**९. दोश्रो बैठकको सम्भावित कार्यसूची**: (१) समितिको दोश्रो बैठकको सम्भावित कार्यसूचीहरुदेहाय अनुसार हुनसक्ने छन्:

(क) चालु आ.व.को फागुन मसान्तसम्मको आन्तरिक राजश्व संकलनको समिक्षा र बाँकी अवधिमा उठ्नसक्ने रकमको अनुमानको आधारमा आगामी आ.व.को लागि गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयकोकुल अँक दफा ६६ बमोजिमको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलाई उपलब्ध गराउने,

(ख) राजश्व संकलनको अनुगमन, समन्वय तथा सहजिकरण गर्ने,

(ग) आगामी आ.व.को लागि राजश्व सुधार प्र तिवेदन र कार्ययोजना तयार पार्न आवश्यक कार्यक्रम तर्जुमातथा कार्यान्वयन,

(घ) राजश्व परामर्श समिति, शाखा र कर्मचारीको क्षमता अभिबृद्धि सम्बन्धी व्यवस्था,

(ङ) राजश्व संकलनलाई प्रभाकारी बनाउन कर प्रशासनमा सुधार, कर शिक्षा कार्यक्रम संचालन, स्वयम् करघोषणा कार्यलाई प्रोत्साहन जस्ता गतिविधिहरुको संचालन, अनुगमन, समन्वय र सहजिकरण,

(च) गाउँपालिकाले तोकेका तथा समितिले आवश्यक ठानेका अन्य विषयहरु।

**१०. तेश्रो बैठकको सम्भावित कार्यसूची**: (१) समितिको तेश्रो बैठकको सम्भावित कार्यसूचीहरुदेहाय अनुसार हुनसक्ने छन्:

(क) आगामी आ.व.को लागि राजश्व प्रक्षेपण सहितको राजश्व अध्ययन प्रतिवेदन तयार गरी कार्यपालिकामापेश गर्ने,

(ख) चालु आ.व.को असारमसान्तसम्मको आन्तरिक राजश्व संकलनको संशोधित अनुमानत र आगामी आ.व.को अनुमान गरी दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिसमक्ष पेश गर्ने,

(ग) आगामी आ.व.को लागि आन्तरिक आय संकलनको लागि ठेक्का वन्दोवस्ती सम्बन्धी कार्यको योजनाबनाउने तथा कार्यान्वयनको अनुगमन गर्ने,

(घ) आगामी आ.व.मा राजश्व संकलनलाई प्रभावकारी बनाउन आवश्यक नीति, कानुन, बजेट तथाकार्यक्रम तर्जुमा गरी स्वीकृतीका लागि बजेट तथा कार्यक्रम तर्जुमा समिति मार्फत कार्यपालिकामा पेशगर्ने,

(ङ) गाउँपालिकाले तोकेका तथा समितिले आवश्यक ठानेका अन्य विषयहरु।

लेकम गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रातामाटा दार्चुला सुदूरपश्चिम प्रदेश,नेपाल

**११. चौथो बैठकको सम्भावित कार्यसूची**: (१) समितिको चौथो बैठकको सम्भावित कार्यसूचीहरुदेहाय अनुसार हुनसक्ने छन्:

(क) चालु आ.व.को लागि स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा वजेट मध्ये राजश्व संकलन तर्फको नीति,कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनको कार्यतालिका बनाउने,

(ख) राजश्व संकलनलाई प्रभावकारी बनाउन आवश्यक कानुनी प्रबन्ध गर्न कार्यपालिकालाई सिफारिस गर्ने,

(ग) राजश्व संकलन प्रकृयाको अनुगमन गर्ने, समिक्षा गर्ने र सुधारका लागि आवश्यक नीतिगत तथाकार्यक्रमगत पहलकदमी लिने,

(घ) राजश्व शाखा र कर्मचारीको क्षमता अभिबृद्धि, नागरिकमा कर शिक्षा लगायतका गतिविधिहरुकोसंचालन, अनुगमन र समन्वय गर्ने,

(ङ) गाउँपालिकाले तोकेका तथा समितिले आवश्यक ठानेका अन्य विषयहरु।

**१२. समितको वैठक प्रणाली**:(१) समितिको वैठक संचालन प्रणाली देहाय बमोजिम हुनेछः

(क) समितिको वैठक समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार वस्नेछ,

(ख) समितिको वैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा गाउँ कार्यपालिकाका सदस्यहरुमध्येबाट जेष्ठ सदस्यले वैठकको अध्यक्षता गर्नेछ,

(ग) समितिको वैठकमा आवश्यकता अनुसार बिषयबिज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ,

(घ) समितिको वैठक कम्तिमा दुइ महिनामा एक पटक बस्नेछ,

(ङ) समितिको वैठकको निर्णय सर्वसम्मत प्रणालीबाट पारित हुनेछ यदी सर्वसम्मत हुन नसकेमा वहुमतप्रणालीबाट पारित गरिनेछ,

(च) समितिको वैठकको निर्णय समितिका सदस्य सचिबाट प्रमाणित गरिनेछ।

## परिच्छेद ५

## राजश्व अनुमान प्रक्षेपण र आवधिक समिक्षा

**१३. राजश्व अनुमान प्रक्षेपण**: (१) समितिले प्रत्येक बर्ष गाउँपालिकालाई प्राप्त कर तथा गैरकर राजश्वअधिकार क्षेत्र, स्विकृत दर, दायरा, करयोग्य सम्पत्ति, आम्दानी तथा वस्तु र सेवाको प्रचलित बजारमूल्य,गाउँपालिकाको राजश्व प्रशासन सयंन्त्र, जनशक्ति, प्रविधि क्षमता समेतको बिश्लेषणको आधारमापरिचालन हुन सक्ने कर तथा गैर राजश्वको अनुमान प्रक्षेपण अनुसूची १ बमोजिमको ढाँचामा तयारगरी गाउँ कार्यपालिका समक्ष पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्तुत गरिने राजश्व अनुमान प्रक्षेपण तयार गर्दा विगत ३ आ.व.अनुमान रयथार्थ आयको समिक्षा, बिश्लेषणको आधारमा आगामी ३ आ.व.को लागि गरिएको अनुमान प्रक्षेपण,लक्ष्य, रणनीति र कार्यक्रम सहितको राजश्व सुधार कार्ययोजनालाई आधार मानी प्रक्षेपण गर्नु पर्नेछ।

(३) समितिले आगामी आ.व.को लागि राजश्व अनुमान प्रक्षेपण प्रस्तुत गर्दा कर तथा गैरकर शिर्षकअन्तर्गतको आन्तरिक आय, वाह्य आयका साथै गाउँपालिकाले अवलम्बन गर्ने नीति, कार्यक्रम रआयोजना परियोजनाको लागि आवश्यक पर्ने

लेकम गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रतामाटा दार्चुला सुदूरपश्चिम प्रदेश,नेपाल

श्रोत अनुमानको आधारमा न्युन हुने श्रोत परिचालनकालागि आन्तरिक ऋण परिचालन वा निजी क्षेत्रको श्रोत परिचालन जस्ता वैकल्पिक बिधिहरुको संभाव्यश्रोत परिचालन सम्बन्धी खाका समेत सिफारिस गर्न सकिनेछ।

**१४. आवधिक समिक्षाः** (१) समितिले प्रस्ताव गरेको राजश्व अनुमान प्रक्षेपण, सिफारिस गरिएको राजश्वनीति, कार्यक्रम र गाउँपालिकाले पारित गरेको राजश्व लक्ष्य, नीति, कार्यक्रम अनुसार राजश्वपरिचालन भए नभएको सम्बन्धमा आवधिक समिक्षा गरी सम्बन्धित निकायलाई नीतिगत तथाव्यवस्थापकीय सुधार एवं निर्देशनको लागि कार्यापालिकालाई सुझाव दिन सक्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम कार्यपालिकालाई दिएको सुझाव कार्यान्वयन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ।

**१५. उपसमिति वा कार्यदल गठन गर्न सकिनेः** (१)समितिले गाउँपालिकाको आन्तरिक राजश्व अभिबृद्धिकालागि राजश्वसंग सम्बन्धित कुनै बिषय वा क्षेत्र सम्बन्धमा अध्ययन अनुसन्धान गर्न आवश्यक ठानेमाउपसमिति वा कार्यदल गठन गर्न सकिनेछ।

(२) यसरी गठन हुने उपसमिति वा कार्यदलको कार्य विवरण, सेवा शर्त सुविधा सम्बन्धी व्यवस्था समितिकोसिफारिसमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

## परिच्छेद ६
## बिबिध

**१६. आवधिक तथा बार्षिक प्रतिवेदनः** समितिले आफनो कार्य सम्पादन सम्बन्धी चौमासिक तथा बार्षिक प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नेछ।

**१७. अधिकार प्रत्यायोजनः** समिति तथा समितिको संयोजकले आफुलाई प्राप्त अधिकार सदस्य वा अन्य पदाधिकारीमा प्रत्यायोजन गर्न सकिनेछ।

**१८.वैठक भत्ताः** समितिका पदाधिकारीहरुले कार्यपालिकाले तोके बमोजिमको वैठक भत्ता पाउनेछ।

**१९. कार्यविधिको व्याख्याः** यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार गाउँकार्यपालिकामा रहनेछ।

**२०. प्रचलित कानूनसंग वाझिएमाः** यस कार्यविधिमा लेखिएका कुनै कुरा प्रचलित कानूनसंग वाझिएको खण्डमा वाझिएको हदसम्म प्रचलित कानून बमोजिम नै हुनेछ।

लेकम गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राप्ला, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल